# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५८४ मिति :- २०६९/५/१५

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत अन्य कार्यालय र इजाजतपत्रप्राप्त "क" वर्ग तथा राष्ट्रिय स्तरका "ख" वर्गका विकास बैंक तथा वित्तीय संस्था एवं मनिचेञ्जरहरू ।

विषय :- इ.प्रा. परिपत्र संख्याः ५६१ मा थप गर्ने सम्बन्धमा ।

महाशय,

नेपाली नागरिकहरूले आफ्नो पहिचान खुल्ने प्रमाण सहित नगद परिवर्त्य विदेशी मुद्रा सटहीको लागि अनुरोध गरेमा प्रचलित विनिमय दरमा सटही गरी दिने सम्बन्धमा मिति २०६८/४/२२ मा जारी इ.प्रा. परिपत्र संख्याः ५६१ मा देहाय बमोजिम हुने गरी २ वटा बुँदाहरु थप गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

९. नेपाली नागरिकहरुलाई विदेशी इष्टमित्र र ग्राहकबाट उपहार, टिप्स आदि बापत प्राप्त हुने विदेशी मुद्रा सटही गर्न माग भई आएमा एक पटकमा अमेरिकी डलर ५००।- (पाँच सय) वा सो बराबर हुने अन्य परिवर्त्य विदेशी मुद्रा इजाजतपत्रप्राप्त मनिचेञ्जरहरुबाट पनि सटही गर्न सकिनेछ ।

१०. परिवर्त्य विदेशी मुद्रा सटही गर्न ल्याउने व्यक्तिसंग नमूना बमोजिमको स्वः घोषणापत्र २ प्रति भर्न लगाई एक प्रति मनिचेञ्जरले प्रमाणित गरी सटही गर्न आउने व्यक्तिलाई अभिलेखको लागि दिनु पर्नेछ ।

भवदीय,

(लिलाप्रकाश सिटौला)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६. श्री वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
७. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
८. श्री सूचना प्रविधि विभाग ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
१०. श्री डेभलपमेन्ट बैकर्स एशोसिएशन, पो.व.नं. २१०२६, अनामनगर, काठमाण्डौ ।
११. श्री मनिचेन्जर एशोसियशन

(इ.प्रा. परिपत्र संख्या: ५८४ को दफा १० बमोजिमको प्रयोजनको लागि )

(यो फाराम २ प्रति तैयार गर्नु पर्नेछ। १ प्रति कार्यालयमा र एक प्रति सम्वन्धित व्यक्तिलाई अभिलेखको लागि दिनु पर्नेछ )

(श्री ..................... मनिचेञ्जर)

(ठेगाना)

**विषयः स्वः घोषणा सम्बन्धमा ।**

महाशय,

मलाई विदेशी पर्यटक/रोजगारदाताबाट/इष्टमित्रबाट उपहार, दान, टिप्स वापत प्राप्त हुन आएको विदेशी मुद्रा नियमानुसार प्राप्त भएको हो । यी विदेशी मुद्राहरु कुनै गैह्र कानूनी श्रोतबाट प्राप्त भएको होइन भनि स्वः घोषणा गर्दछु ।

| विदेशी मुद्राको किसिम | नोटको नम्वर | दर | प्राप्त श्रोत |
|---|---|---|---|

निवेदक

सटही गरी दिने मनिचेञ्जरको नामः

आधिकारिक व्यक्तिको दस्तखतः

छापः

दस्तखतः

पूरा नामः

ठेगानाः

फो नं.